apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२

जि.हु.का. द.नं. ७३/०८०/०८१



समाचार २ पृष्ठ

बाध्यताले फेरिएको 'बालेनोमिक्स'

● वर्षः १२ ● अंकः १८४ ● पृष्ठः ४ ● ०५ साउन २०८३ मंगलबार (21 July 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# कुलत धान्न चोरीको सहारा

## मधेशमा चोरीका घटनामा पक्राउ परेका कतिपय लागुऔषध प्रयोगकर्ता



**वीरेन्द्र रमण**
**जनकपुरधाम, साउन ०४ गते**

घर खाली भएको सुइँको पाएर भित्र पस्ने, मठमन्दिरका दानपेटिका फुटाउने अनि हात लागेका मोबाइल, भाँडाकुँडा वा अन्य सामान सस्तोमै कवाडी पसलमा बेच्ने । प्रहरीका अनुसार मधेशका विभिन्न जिल्लामा हुने यस्ता कतिपय चोरीमा लागुऔषध किन्न तत्काल पैसा जुटाउने उद्देश्य देखिएको छ।

सबै चोरीका घटना लागुऔषधसँग जोडिएका हुँदैनन् । तर, चोरीमा पक्राउ परेका कतिपय किशोर तथा युवाको पृष्ठभूमि बुझ्दा उनीहरू नियमित लागुऔषध प्रयोगकर्ता रहेको पाइएको प्रहरी अधिकारीहरू बताउँछन्। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसूदन न्यौपाने भन्छन्, "चोरीका घटनामा पक्राउ परेकामध्ये धेरै जना लागुऔषध प्रयोगकर्ता पनि भएको पाइएको छ।"

लागुऔषध नियन्त्रणका क्षेत्रमा काम गर्दै आएको स्पर्श नेपालका निर्देशक नवीन मल्लिकका अनुसार कुलतमा फसेका युवाले सुरुमा लागुऔषध किन्न आवश्यक पैसा परिवार र साथीभाइबाट जुटाउने प्रयास गर्छन्। "सुरुमा साथीभाइसँग सापटी माग्छन् वा घरपरिवारसँग विभिन्न खर्चका नाममा पैसा लिन्छन्," उनी भन्छन्, "त्यसरी पैसा पाउन छाडेपछि चोरी गर्ने जोखिम बढ्छ।"

कतिपय प्रयोगकर्ताले पहिलो पटक आफ्नै घरका सामान चोर्ने गरेको पाइएको उनी बताउँछन् । मोबाइल, भाँडाकुँडा, कपडालगायत सजिलै बेच्न सकिने सामान लगेर त्यसबाट आएको रकम लागुऔषध किन्न खर्च गर्ने गरेको उनको भनाइ छ।

परिवारले सामान हराउन थालेको थाहा पाएपछि निगरानी बढाउँछ । घरबाट पैसा वा सामान लैजान नसक्ने अवस्था आएपछि कतिपय प्रयोगकर्ताले छरछिमेकका घर ताक्न थाल्ने मल्लिक बताउँछन् । "गाउँघरमा परिवारका सदस्य मजदुरी वा अन्य काममा बाहिर गएको मौका पारेर घरभित्रका सामान लैजाने घटना पनि देखिएका छन्," उनी भन्छन्, "प्रयोगकर्ताको संख्या बढ्दा यस्ता सामाजिक समस्या पनि बढ्छन्।"

लागुऔषधमा निर्भरता बढ्दै जाँदा प्रयोगकर्तालाई नियमित रूपमा पैसा चाहिन्छ । वैधानिक कमाइ नभएका कतिपय किशोर तथा युवाले त्यो रकम जुटाउन परिवारलाई दबाब दिने, साथीभाइसँग माग्ने वा सानातिना सामान चोर्ने गरेको सरोकारवालाहरू बताउँछन्।

कुलत गहिरिँदै जाँदा चोरी आकस्मिक व्यवहारमा मात्र सीमित नरहने प्रहरीको भनाइ छ। सामान कहाँ बेच्ने, कुन घरमा मान्छे बस्दैनन् र कुन वस्तु सजिलै नगदमा बदल्न सकिन्छ भन्ने खोजीसमेत हुन थाल्ने प्रहरी अधिकारीहरू बताउँछन्।

बाँकी पृष्ठ ३ ▸▸

# लहान खानेपानी संस्थानद्वारा बक्यौता असुलीमा कडाइ



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

नेपाल खानेपानी संस्थान लहानले लामो समयदेखि महसुल नतिर्ने उपभोक्ताबाट बक्यौता असुली अभियानलाई तीव्र बनाएको छ । संस्थानले घरदैलो कार्यक्रम सञ्चालन गर्नुका साथै बक्यौता नतिर्ने उपभोक्ताको खानेपानी धारा काट्ने कामलाई अघि बढाएको हो।

शाखा प्रमुख राकेश गोइतका अनुसार हालसम्म महसुल नबुझाउने १४० जना उपभोक्ताको धारा काटिएको छ। बक्यौता रकम भुक्तानी गरे लगत्तै पुनः धारा जडान गरिने व्यवस्था गरिएको उनले बताए । उनका अनुसार हाल ७१ लाख ८० हजार ३१६ बक्यौता रकम असुल हुन बाँकी छ।

बक्यौता नतिर्ने उपभोक्ताको विवरण सङ्कलन गरी कालोसूचीमा राख्ने तयारीसमेत भइरहेको प्रमुख गोइतले जानकारी दिए । उनका अनुसार लहान नगरपालिकाको मात्रै २६ लाख बक्यौता बाँकी छ। नगरपालिकाका विभिन्न वडामा जडान गरिएका सार्वजनिक धाराको महसुल भुक्तानी हुन नसक्दा समस्या देखिएको भन्दै उनले सार्वजनिक स्थानमा जडान गरिएका ५६ वटा धारामध्ये हाल १४ वटा मात्रै सञ्चालनमा रहेका जानकारी दिए।

साथै घरेलु तथा साना उद्योग

बाँकी पृष्ठ २ ▸▸

# कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीमध्ये एकजना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

सिरहाको पश्चिमी भेगमा पर्ने कल्याणपुर नगरपालिका- १२, बेलहाका करिब सात वर्षीय नाबालकको हत्यामा संलग्न रहेको आरोप लागेका चारजना फरार प्रतिवादीमध्ये एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कल्याणपुर- १२, बेलहाका गणेश मुखियाका छोरा करिब सात वर्षीय अजित मुखियाको हत्यामा संलग्न रहेको आरोप लागेका स्थानीय करिब ४५ वर्षीय ज्ञानचन मुखियालाई पक्राउ गरिएको हो। मुखिया आफ्नै घरमा लुकिछिपी बसिरहेको भन्ने गोप्य सूचनाको आधारमा परिचालन भएको प्रहरीले पक्राउ गरी जिल्ला प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार ३ फागुन ०८१ को साँझ आफ्नै घरबाट हराएका नाबालकको शव पाँच दिनपछि स्थानीय पोखरीमा मृत फेला परेको थियो । शव भेटिएपछि मृतकका परिवारले ज्ञानचनसहित चारजनालाई प्रतिवादी बनाएर कर्तव्य ज्यानसम्बन्धी जाहेरी दिएपछि सबैजना फरार रहेको अवस्थामा खोजतलास गरी पक्राउ गरिएको हो।

त्यसअघि प्रहरीले गत शुक्रबार सिरहाको दक्षिणी सीमावर्ती बरियारपट्टि गाउँपालिका- ५, जिभ्नौल गाउँमा १८ वर्षअघि महिलाको हत्यामा संलग्न रहेको आरोपमा फरार रहेका स्थानीय करिब ६० वर्षीय रामनाथ रायलाई पक्राउ गरेको थियो।

पछिल्लो समय सिरहा प्रहरीले

बाँकी पृष्ठ ३ ▸▸

# साउन १५ सम्ममा मन्त्रिपरिषद् हेरफेरसँगै मन्त्रालयको सङ्ख्या कटौती गर्ने तयारी




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०४ गते**

मधेश प्रदेशमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीकै गठबन्धन कायम रहने भएको छ। यही गठबन्धनलाई निरन्तरता दिने निष्कर्षमा पुगेका तीन वटै दल मन्त्रालयको सङ्ख्या कटौती र मन्त्री हेरफेरको तयारीमा जुटेका छन्।

मधेश सरकारमा हाल १२ वटा मन्त्रालय छन् । मन्त्रालय सङ्ख्या घटाएर ९ वटा मात्र राख्ने गृहकार्य सुरु भएको गठबन्धनका नेताहरूको भनाइ छ।

नेपाली कांग्रेसका मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले अन्य प्रदेशमा सरकार परिवर्तन हुने हल्ला चले पनि मधेसमा विद्यमान गठबन्धनले नै निरन्तरता पाउने प्रस्ट पारे। उनले भने, 'स्थानीय तथा प्रदेश सभाको निर्वाचन अर्को वर्ष हुने भएकाले अहिले सरकार फेरबदलभन्दा पनि यसैलाई निरन्तरता दिने सहमति भएको छ।'

सरकार फेरबदलमा अहिलेसम्म केन्द्रबाट त्यस्तो केही निर्देशन नआएको झाले बताए । उनका अनुसार सरकार फेरबदल नहुने

बाँकी पृष्ठ ४ ▸▸

# वैदेशिक रोजगारीः धनुषाबाट सबैभन्दा धेरै, मनाङ कम

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**




गत आर्थिक वर्ष २०८२/८३ मा धनुषाबाट सबैभन्दा बढी वैदेशिक रोजगारीमा गएका छन्।

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार ७७ जिल्लामध्ये धनुषाबाट सबैभन्दा धेरै श्रमिक वैदेशिक रोजगारीमा गएका हुन्। श्रम स्वीकृति लिएर सबैभन्दा कम मनाङबाट गएका छन्।

विभागका अनुसार धनुषाबाट वैदेशिक रोजगारीमा जान गत आव ३८ हजार ५ सय ५३ जनाले श्रम स्वीकृति लिएका थिए। त्यस्तै झापाबाट कुल ३५ हजार १ सय २४ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्।

यसैगरी मोरङबाट ३१ हजार १ सय २४, सिरहा ३० हजार २ सय ११, महोत्तरी २८ हजार २ सय २९, रुपन्देही २५ हजार ३ सय ९१, सुनसरी २४ हजार ३ सय ६५, सर्लाही २३ हजार २ सय, सप्तरी २० हजार ५ सय ५९ र चितवनबाट १९ हजार ८ सय ३ जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए।

सबैभन्दा कम श्रम स्वीकृति मनाङबाट भएको छ । गत आव मनाङबाट जम्मा २ सय १७ जनाले मात्रै वैदेशिक

बाँकी पृष्ठ ३ ▸▸






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# बाध्यताले फेरिएको 'बालेनोमिक्स'



## बालेन-व्यवसायी भेट

- २४ असार — उद्योगी/ व्यवसायी
- २५ असार — निर्माण व्यवसायी
- २६ असार — ऊर्जा उद्यमी
- ३१ असार — होटल व्यवसायी
- ३२ असार — महिला उद्यमी
- ०१ साउन — जुत्ता व्यवसायी
- ०४ साउन — शेयरबजार व्यवसायी

प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले नयाँ आर्थिक वर्ष सुरु भएको चौथो दिन ४ साउन २०८३ मा पुँजीबजारसँग जोडिएका व्यवसायीसँग संवाद गरे। प्रधानमन्त्री कार्यालयमा व्यवसायीलाई बोलाएर उनले गुनासो मात्रै सुनेनन्, समस्या सम्बोधनको प्रयास गर्ने वचनसमेत दिए।

२३ र २४ भदौ २०८२ को जेन-जी विद्रोहअघि नै पुँजीबजार ओरालो लागिरहेको थियो। जेन-जी विद्रोहले थप मात्रै दिएन, निरन्तर ओरालो लागेको नेप्सेले पुँजीबजारका लगानीकर्ता संकटमा परेका थिए। यसबीचमा पुँजीबजारमा झण्डै एक खर्बको क्षति पुगेको अनुमान छ। त्यसैले, लगानीकर्ता आंतकित र त्रासमा थिए।

२१ फागुन २०८२ को चुनावपछि बालेनको नेतृत्वमा सरकार गठन भएपछि पनि नेप्से 'हरियो' बन्न सकेन। खुला बजारका प्रवर्द्धक डा. स्वर्णिम वाग्ले अर्थमन्त्री हुँदा पनि पुँजीबजारले विश्वास गर्न सकेन। सामान्यत: अर्थमन्त्री को भयो ? भन्ने कुराले पनि नेप्से हरियो र रातो हुने गर्थ्यो। तर, निरन्तर रातो बनेको नेप्सेले खासमा नेपालको अर्थतन्त्रको चित्र बताइरहेको थियो। अर्थतन्त्रको आकार बढ्नुको सट्टा थप साँघुरिन थालेको थियो। अनि, लगानीकर्ताको आत्मविश्वासको नेप्से पनि ओरालो लागेको थियो।

धेरैको अनुमान बजेट भाषणपछि नेप्से उकालो लाग्छ भन्ने थियो। त्यसले संकेतसमेत गरेन। अनि, नयाँ आर्थिक वर्ष सुरु भएपछि नेप्सेले सकारात्मक सर्किट हान्ने विश्लेषण र अनुमान थियो। तर, यी दुवै समयमा सुधारको संकेत देखिएन। त्यही कारण अर्थमन्त्री वाग्लेको सचिवालयले १ साउन २०८३ मा एउटा भनाइ सार्वजनिक गर्‍यो।

खासमा शेयरबजारलाई बुलिङ गर्ने मनसाय पनि अर्थमन्त्रीको सचिवालयको आशय हुन सक्छ। झण्डै एक सय दिनसम्म शेयरबजारले नपत्याएका अर्थमन्त्री वाग्लेलाई १ साउनको अपिलले सुन्ने सामर्थ्य राखेन। त्यस दिन अर्थमन्त्रीको सचिवालयले भनेको थियो- 'शेयरबजारमा प्रायोजित हल्ला चलाइयो, वितण्डा मच्चाउनेलाई अनुसन्धान गर्छौं। अर्थमन्त्री वाग्लेको सचिवालयको यो अभिव्यक्तिले दुईवटा सन्देश दिइरहेको थियो। एक, शेयरबजारको निरन्तरको गिरावटले खस्किँदो छवि र स्वीकारोक्तिबाट वाग्ले तनावमा छन्। दोस्रो, शेयरबजारको अघोषित असहयोगलाई दबाब दिन अनुसन्धानको धम्की दिइरहेका छन्।

वाग्लेले पुँजीबजारबारे उक्त धारणा राखेको तीन दिनपछि ४ साउनमा प्रधानमन्त्री बालेनले पुँजीबजारका लगानीकर्तासँग छलफल गरे। रोचकचाहिँ उक्त छलफलमा बालेनले अर्थमन्त्री वाग्लेलाई बोलएनन्। पुँजीबजारको सिधा समन्वय अर्थ मन्त्रालयसँग जोडिएको छ। तर, सरोकार मन्त्री छलफलमा नहुनुलाई आश्चर्य मात्र होइन, गम्भीर प्रश्न पनि उठाइएको थियो।

### प्रधानमन्त्रीको विश्वासको प्रयास

४ साउनमा पुँजीबजारका व्यवसायीसँग मात्र होइन, प्रधानमन्त्री बालेनले यसअघि विभिन्न सातथरी व्यवसायीसँग छलफल गरेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसंघसँग आबद्ध व्यवसायीबाट छलफल सुरु गरेका बालेनले सातौं दिन पुँजीबजारका लगानीकर्तासँग छलफल गरे। यी सातवटै छलफलमा अर्थमन्त्री वाग्ले छैनन्।

अर्थमन्त्री वाग्ले मात्र होइन, प्रधानमन्त्री बालेनले अन्य सरोकारवाला मन्त्रीलाई पनि साथमा राखेका छैनन्। अर्को रोचक पक्षचाहिँ पछिल्ला दिनमा प्रधानमन्त्री बालेन र अर्थमन्त्री वाग्लेबीच दूरी बढ्दै गएको चर्चा छ। पार्टीभित्र होइन, सार्वजनिक चर्चामा पनि यी दुईको सम्बन्धले प्राथमिकता पाइरहेको छ। अनि, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र अर्थमन्त्री वाग्लेबीच धुलिखेलको होटल दुसित थानीमा झण्डै एक दिन संवाद गरेको भोलिपल्ट नै भएको पुँजीबजारका लगानीकर्ताको छलफलमा पनि नबोलाउनुले अर्को अर्थ लागिरहेको छ।

पछिल्ला दिनमा अर्थमन्त्री वाग्लेको विभिन्न व्यवसायी मात्र होइन, नागरिक तहमै आलोचना बढेको छ। जस्तो; शिक्षामा लगाएको कर, स्वास्थ्यकर र बिजुलीमा लगाएको करले नागरिक असन्तुष्ट मात्र होइन, आक्रोशित नै बनेका छन्।

नागरिकको चुलोमा प्रत्यक्ष असर पार्ने यी करकै कारण सरकार आलोचित भइरहेको छ। अनि, नागरिक तहमा प्रधानमन्त्री बालेनप्रति आक्रोश पोखिन थालेको छ, जसले गर्दा प्रधामनन्त्री बालेन र अर्थमन्त्री वाग्लेबीच सम्बन्ध टाढिएको टिप्पणी पनि भइरहेको छ। त्यस कारण पनि बालेन आफ्नै पहलमा व्यवसायीसँग सम्बन्ध सुधारको प्रयास गर्न थालेको देखिन्छ। बालेननिकट रास्वपाका नेताहरूको भनाइमा अर्थमन्त्री वाग्लेसँग व्यवसायीले विश्वास गर्न नसकेपछि प्रधानमन्त्रीले पहल गर्नुपरेको दाबी गर्छन्।

बालेननिकट एक नेताले भने, 'उहाँ अति जान्नेसुन्ने देखिनुहुन्छ, अरुको कुरा सुन्न नै चाहनु हुन्न, त्यसले गर्दा सबैसँग दूरी बढ्यो। त्यस कारण बाध्य भएर प्रधानमन्त्रीले पहल गर्नुपरेको हो।'

यसबीचमा अर्थमन्त्री वाग्लेले व्यवसायीहरूसँग भेट नगरेका होइनन् तर, उनीसँग विश्वास भने गर्न सक्केका थिएनन्। त्यसमा पनि वाग्लेको बजेट भाषणपछि व्यवसायी झन् तर्सिएको अवस्था छ।

अर्कोतिर, बालेन र वाग्लेको अर्थनीति नै दुई धारमा देखिएको छ। जस्तो; बालेन राज्य नेतृत्वको अर्थनीतिमा देखिन्छन्। नेपाल दुग्ध विकास संस्थानले उत्पादन गरेको चीजको प्रवर्द्धन होस् वा गोरखाली टायर उद्योग, हेटौंडा कपडा कारखान पुन: सञ्चालनको प्रयासमा प्रधानमन्त्री बालेन केन्द्रित छन्। तर, मन्त्री वाग्ले त्यसको ठीक विपरीत बजारनियन्त्रित, त्यसमा पनि उच्च घरानालाई प्राथमिकतामा राख्ने अर्थनीतिको पक्षमा छन्।

त्यसै कारण, उनले संविधानले अनिवार्य र नि:शुल्क भनिएको आधारभूत शिक्षामा आर्थिक भार थपिरहेका छन्। निमुखा नागरिक प्रभावित हुने गरी स्वास्थ्यमा कर थोपर्छन र स्वास्थ्य बीमा बन्द गरिरहेका छन्। गरिबीको रेखामुनि रहेका नागरिकले उपयोग गर्ने बिजुलीमा समेत कर थोपरेर अर्थतन्त्र बढाउने ध्याउन्नमा रहेका छन्। बालेननिकट स्रोतका अनुसार यी तीनवटै करप्रति प्रधामनन्त्री असन्तुष्ट छन्।

वाग्लेसँग दूरी बढ्नुमा कर पनि मुख्य रहेको उक्त स्रोतको दाबी छ। त्यसैले, प्रधानमन्त्री व्यवसायीका गुनासो सुनेर आफ्नै तहबाट असन्तुष्टि सम्बोधन गर्ने प्रयासमा लागेका छन्। अर्थमन्त्रीप्रति असन्तुष्टि छ भन्ने जानेर नै प्रधानमन्त्री बालेनलाई छलफलमा सहभागी नगराएको उनीहरूको भनाइ छ।

बालेन प्रधानमन्त्री निर्वाचित भएको ७ दिनपछि अर्थात् १९ चैत २०८२ मा व्यवसायी दीपक भट्ट पक्राउ परे। प्रधानमन्त्री बालेन र गृहमन्त्री सुधन गुरुङको विशेष प्रयासमा भट्टलाई पक्राउ गरियो। भट्टसँगै उनको व्यावसायिक सञ्जालमा जोडिएका केही व्यवसायीहरू प्रहरीको नियन्त्रणमा परे। सुलभ अग्रवाल, शंकर अग्रवाल मात्र होइन, पूर्वअर्थमन्त्री विष्णु पौडेललाई समेत भट्ट प्रकरणबाटै छानबिनको दायरामा तानियो।

भट्टसँग जोडिएका विभिन्न ५६ जना व्यवसायीको सम्पत्ति रोक्का गरिएको छ। अनि, भट्टका केही कम्पनीका लगानीकर्ता र कर्मचारीलाई जिम्मेवारीबाट हटाइएको पनि छ। अग्रवाल मात्र होइन, बैंकर ज्योतिप्रकाश पाण्डेयहरूलाई पनि प्रहरीले नियन्त्रणमा लिएको थियो। त्यसले गर्दा, पछिल्ला दिनमा व्यवसायीहरू आंतकित भइरहेका थिए।

व्यवसायीलाई छानबिनको दायरामा तान्ने र नियन्त्रणमा लिने प्रक्रियाबाट डराएका व्यवसायीहरूले लगानी गर्न छोडेका थिए। कतिपय अवस्थामा पुँजी पलायन हुन थालेको पनि आरोप थियो। केही दिनअघि राष्ट्र बैंकका एक अधिकारीले भनेका थिए, 'ठूला र मारवाडीहरू लगानी गर्ने मुडमै छैनन् र कतिपयले पैसा बाहिर लगिरहेका छन्। पछिल्लोपटक हेर्नुहोस् न, मारवाडीहरू व्यवसायी संघहरूको नेतृत्वमा बस्न पनि रुचि राखिरहेका छैनन्।'

### बाध्यता

प्रधानमन्त्री बालेनमाथि निकै ठूलो दबाब छ। नागिरकको अपार विश्वास जोगाउनुपर्ने बाध्यतामा रहेका उनले लगानीको वातावरण बनाउनुपर्नेछ। बैंकमा थुप्रिएको खर्बौं रकम लगानीकर्ताले लिन मानिरहेका छैनन्। अर्कातिर पुँजी पलायन भइरहेको छ। पछिल्ला दिनमा पुँजीसँगै जनशक्ति पनि बाहिरिइरहेको छ।

सुशासनका नाममा व्यवसायीलाई च्याप्ने रणनीति लिएको बालेन सरकारप्रति व्यावसायी त्रसित हुँदा लगानीको वातावरण बनेको छैन। त्यो गुनासो व्यवसायीले प्रधानमन्त्री

बाँकी पृष्ठ ३ ▶▶

## सम्पादकीय...

### मधेशका खाल्डाखुल्डी र बालबालिकाको जीवन !

मधेश प्रदेशमा प्रत्येक वर्ष वर्षायामसँगै एउटा दर्दनाक समाचार दोहोरिन्। खाल्डाखुल्डी, पोखरी, इँटा भट्टाका खाडल, नदी तथा पानी जमेको स्थानमा डुबेर निर्दोष बालबालिकाले ज्यान गुमाएको खबर बाहिर आउछ। यो अब प्राकृतिक दुर्घटना मात्र होइन, राज्यको लापरबाही र विकास व्यवस्थापनको असफलताको प्रत्यक्ष परिणाम हो। मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकले चालु आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म मात्रै १११ बालबालिकाले डुबेर ज्यान गुमाएको देखाउँछ। पछिल्ला वर्षहरूमा पनि सयको हाराहारीमा बालबालिकाको ज्यान गएको छ। यस्ता तथ्यांकले के संकेत गर्छन् कि समस्या नयाँ होइन, तर समाधानका लागि राज्यको प्रतिबद्धता भने अझै कमजोर छ।

मधेशका अधिकांश जिल्लामा सडक निर्माण, माटो उत्खनन, इँटा उद्योग, सिंचाइ आयोजना तथा अन्य विकास निर्माणपछि बनेका खाल्डाखुल्डी वर्षायाममा पानीले भरिन्छन्। यस्ता स्थानमा न त सुरक्षा बार हुन्छ, न चेतावनी बोर्ड, न त नियमित अनुगमन नै गरिन्छ। खेल्ने क्रममा बालबालिका यिनै खाल्डामा पुग्छन् र केही क्षणमै परिवारको खुसी सधैंका लागि समाप्त हुन्छ। यो अभिभावकको असावधानी होइन, राज्यको नियमनहीनताको परिणाम हो। राज्यको पहिलो दायित्व नागरिकको जीवन रक्षा गर्नु हो। त्यसैले संघीय, प्रदेश र स्थानीय सरकारले अब यस विषयलाई विपद् व्यवस्थापनको प्राथमिक एजेन्डा बनाउनुपर्छ। प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रका जोखिमयुक्त खाल्डाखुल्डी, पोखरी र पानी जम्ने स्थानहरूको नक्सांकन गरी तत्काल पुर्ने वा सुरक्षित घेराबार गर्ने अभियान सञ्चालन गर्नुपर्छ। निर्माण कम्पनी र इँटा उद्योगलाई काम सम्पन्न भएपछि खाल्डा पुर्न कानुनी रूपमा बाध्य बनाइनुपर्छ। नियम उल्लंघन गर्ने संस्थामाथि कडा कारबाही हुनुपर्छ।

विद्यालय तहबाटै जल सुरक्षा सम्बन्धी शिक्षा अनिवार्य बनाउनु आवश्यक छ। बालबालिकालाई पौडी सिकाउने कार्यक्रम, वर्षायाममा सचेतना अभियान, अभिभावकलाई जोखिमबारे जानकारी तथा समुदायमा स्वयंसेवक परिचालनले धेरै दुर्घटना रोक्न सक्छ। स्थानीय सरकारले प्रहरी, विद्यालय, स्वास्थ्य संस्था र सामाजिक संघसंस्थासँग समन्वय गरी वर्षायामअघि नै विशेष सुरक्षा अभियान सञ्चालन गर्नुपर्छ। विपद् व्यवस्थापनमा ठूलो बजेट छुट्याउने सरकारका लागि खाल्डाखुल्डी पुर्नु र जोखिमयुक्त क्षेत्र सुरक्षित बनाउनु कुनै असम्भव काम होइन। सयौं बालबालिकाको मृत्यु भएपछि पनि यदि राज्य मौन रहन्छ भने त्यसलाई दुर्घटना मात्र भन्न सकिँदैन। त्यो राज्यको दायित्व निर्वाहमा भएको गम्भीर असफलता हो। प्रत्येक डुबेर मृत्यु हुने बालबालिकासँग एउटा परिवारको सपना, भविष्य र समाजको सम्भावना पनि डुबिरहेको हुन्छ। अब पनि सरकार, स्थानीय तह र सम्बन्धित निकाय गम्भीर भएनन् भने आगामी वर्ष पनि यही समाचार दोहोरिनेछ। त्यसैले जोखिम हटाउने बेला आएको छ। मधेशका खाल्डाखुल्डीलाई बालबालिकाको 'मृत्युका पासो' होइन, सुरक्षित वातावरणमा रूपान्तरण गर्नु राज्यको तत्कालीन र अपरिहार्य दायित्व हो। यो दायित्व राज्यले निर्वाह गर्नै पर्छ।

### लहान खानेपानी संस्थानद्वारा बक्यौता ............

कार्यालय, सडक डिभिजन कार्यालय, यान्त्रिक कार्यालय, रामकुमार उमाप्रसाद स्मारक अस्पताल, रेडक्रस सोसाइटीलगायत सरकारी निकाय तथा विभिन्न व्यक्ति र संस्थाबाट पनि बक्यौता उठाउन बाँकी रहेका प्रमुख गोइतले बताए। सेवा नियमित र प्रभावकारी बनाउन समयमै महसुल तिर्न सबै उपभोक्तालाई आग्रह गर्दै बक्यौता असुली अभियानलाई अझ कडाइका साथ लागू गरिने उनको भनाइ छ।

## आजको राशिफल

**मेष :** पुरानो लगानी वा प्रयासबाट न्यायसंगत लाभ प्राप्त हुने सम्भावना छ।

**बृष :** पारिवारिक सम्बन्धमा सुधार आउनेछ भने उद्योग वा व्यवसायमा गरिएको लगानी लाभदायक सिद्ध हुनेछ।

**मिथुन :** नयाँ कार्यको सुरुवातका लागि अनुकूल समय छ। अधुरा कामहरू पूरा हुनेछन् र मनोबल उच्च रहनेछ।

**कर्कट :** आर्थिक पक्ष मजबुत बन्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ।

**सिंह :** निर्णयमा सावधानी आवश्यक देखिन्छ। अत्यधिक जोखिम लिनु उचित नहुन सक्छ।

**कन्या :** आम्दानीका नयाँ स्रोतहरू खुल्नेछन्। साझेदारी वा सट्टापट्टाबाट लाभ प्राप्त हुनेछ।

**तुला :** कम लाभदायक जिम्मेवारी सम्हाल्नुपर्ने परिस्थिती आउन सक्छ।

**वृश्चिक :** अघिल्ला बाधा र अवरोध हट्दै कार्यहरू पूर्ण हुनेछन्। नयाँ जिम्मेवारी तथा अवसर प्राप्त हुने सम्भावना छ।

**धनु :** कठोर परिश्रमको उचित प्रतिफल प्राप्त हुनेछ। व्यापार, पेशा वा जागिरमा लाभदायक परिणाम मिल्नेछ।

**मकर :** शैक्षिक तथा बौद्धिक उन्नतिको अवसर प्राप्त हुनेछ। व्यवसायिक प्रयोजनका लागि यात्रा सम्भव देखिन्छ।

**कुम्भ :** मनोबलमा केही उतारचढाव आउन सक्छ। जिम्मेवारी र प्रतिस्पर्धाको दबाब रहनेछ।

**मीन :** सामाजिक प्रतिष्ठा र सम्मानमा वृद्धि हुनेछ। सेवामूलक कार्यप्रति रुचि बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

अपन दैनिक
❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# विपद्का बेला कार्यालय नछोड्न स्थानीय तहका कर्मचारीलाई मन्त्रालयको निर्देशन




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

देशका विभिन्न भागमा अविरल वर्षा, बाढी, पहिरो लगायतका विपद्जन्य घटनाको जोखिम बढ्दै गएपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समिति र स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रूपमा उपस्थित रहन निर्देशन दिएको छ।

मन्त्रालयको स्थानीय तह समन्वय शाखाले जारी गरेको परिपत्रमा विपद् व्यवस्थापन, उद्धार, राहत, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै स्थानीय तह र जिल्ला समन्वय समितिका कर्मचारीलाई नियमित रूपमा कार्यालयमा उपस्थित रहन भनिएको हो।

पत्रअनुसार विपद्को अवधिभर कर्मचारीहरूले कार्यालय नछोडी समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुपर्नेछ । हाल बिदामा रहेका कर्मचारीलाई समेत बिदा छोट्याई सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी पूरा गर्न

बाँकी पृष्ठ ४ ▸▸

# कोसी नदीमा हाम फालेका युवकको पौने २ घण्टापछि सकुशल उद्धार

**अपन दैनिक संवाददाता**
**राजविराज, साउन ०४ गते**

कोसी नदीमा सोमबार दिउँसो हाम फालेका एक युवकको पौने २ घण्टापछि सकुशल उद्धार गरिएको छ । हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित ब्यारेज पुलको ४७ नम्बर ढोकाको दक्षिणतर्फबाट वडा नम्बर ५ का २८ वर्षीय जयप्रकाश साह नदीमा हाम फालेका थिए।

दिउकसो २ बजे नदीमा हाम फालेका साहकै साथीले साढे २ बजेतिर प्रहरीलाई खबर गरेका थिए। इलाका प्रहरी कार्यालय भारदहका प्रहरी वरिष्ठ नायब निरीक्षक नागेश्वर थान्दार र सशस्त्र बेस क्याम्प भारदहका सशस्त्र प्रहरी नायब उपरीक्षक अईन्द्र राज नेम्वाङको कमाण्डमा डीएमटीसहितको टोली पुगेको थियो। तबसम्म युवकलाई पानीले बगाएर पलार (पानीको बिच बालुवा)मा पुर्‍याइसकेको थियो।



डीएमटी टोलीको १ घण्टाको प्रयासले दिउकसो पौने ४ बजे युवकलाई सकुशल उद्धार गरेको हो। युवकले

बाँकी पृष्ठ ४ ▸▸

# कृषिमन्त्री चौधरी र मधेश प्रदेशका मुख्यमन्त्री यादवबिच भेट



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवबिच भेटवार्ता भएको छ।

मन्त्रालयमा सोमबार भएको भेटमा मन्त्री चौधरीले कृषि क्षेत्रको दिगो विकासका लागि सङ्घ र मधेश प्रदेशबिच समन्वय र सहकार्य आवश्यक रहेको बताएको उनको सचिवालयले जनाएको छ। उनले सङ्घ-प्रदेश साझेदारीलाई थप मजबुत बनाउन आवश्यक कानुनी व्यवस्था तथा साझेदारी ऐनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको बताइन्।

उनले माटोको गुणस्तर सुधारलाई प्राथमिकतामा राखी परीक्षणलाई व्यापक बनाउने, वैज्ञानिक व्यवस्थापनमार्फत उत्पादन वृद्धि गर्ने, निजी क्षेत्रको लगानी आकर्षित गर्दै कृषि आधुनिकीकरणलाई तीव्रता दिनुपर्नेमा जोड दिएकी थिइन्।

छलफलका क्रममा मन्त्री चौधरीले कार्बन व्यापार र हरित अर्थतन्त्रबाट मधेश प्रदेशले आम्दानी बढाउ नसक्ने उल्लेख गरिन्। उनले मधेश प्रदेशका सम्भावनालाई योजनाबद्ध रूपमा अघि बढाउन आग्रह गरेकी थिइन्।

## कुलत धान्न चोरीको ..............

**खुला सीमा, सहज ओसारपसार**

नेपाल-भारत खुला सीमाले मधेशका बासिन्दालाई सामाजिक र आर्थिक रूपमा जोडेको छ। तर, त्यही सहज आवतजावत लागुऔषध नियन्त्रणका लागि चुनौती बनेको प्रहरी बताउँछ।

लागुऔषधका रूपमा प्रयोग गरिने कतिपय प्रतिबन्धित औषधि सीमापारिका बजारमा तुलनात्मक रूपमा सहजै पाइने गरेका छन्। केही युवा त्यस्ता औषधि सेवन गर्न भारत जाने र कतिपयले किनेर नेपाल ल्याउने गरेको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता न्यौपाने खुला सीमाका कारण लागुऔषध ओसारपसार रोक्न कठिन भएको बताउँछन्। त्यसैले सीमावर्ती क्षेत्रमा लागुऔषध नियन्त्रण र सचेतनाका कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ।

आफैँ सीमा पारि गएर लागुऔषध किन्नेबाहेक नेपालमै उपलब्ध गराइदिने व्यक्ति वा समूहसमेत रहेको अभियन्ताहरू बताउँछन्। उनीहरूका अनुसार त्यस्ता व्यक्ति वा समूहले प्रयोगकर्ताबाट पैसा लिएर सीमापारिबाट लागुऔषध ल्याइदिने गरेका छन्।

लागुऔषध गाउँसम्म पुग्दा विद्यालय र कलेज उमेरका किशोर तथा युवा जोखिममा पर्ने गरेका छन्। प्रहरीका अनुसार प्रयोगकर्तामध्ये १५ देखि २८ वर्ष उमेर समूहको संख्या उल्लेख्य छ।

मधेश प्रदेश प्रहरीको तथ्यांकअनुसार लागुऔषध प्रयोगकर्तामध्ये करिब १४ प्रतिशत २० वर्षमुनिका छन्। किशोरावस्थामै साथीभाइको प्रभावमा लागुऔषध प्रयोग सुरु गर्ने र पछि त्यसको खर्च धान्न नसक्दा अपराधतर्फ धकेलिने जोखिम रहेको प्रहरी बताउँछ।

**चोरीका घटनामा उतारचढाव**

प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७७/७८ मा मधेश प्रदेशमा चोरीका ५६५ घटना दर्ता भएका थिए।

आर्थिक वर्ष २०७८/७९ मा ६६५, २०७९/८० मा ७०५, २०८०/८१ मा ५५४ र २०८१/८२ मा ४६९ घटना दर्ता भएका छन्। आर्थिक वर्ष २०८२/८३ को जेठसम्म ५१९ चोरीका घटना दर्ता भएका छन्।

तर, दर्ता भएका घटनाले चोरीको सम्पूर्ण चित्र नदेखाउने प्रहरी अधिकारीहरू बताउँछन्। लामो समय जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत रहेका र हाल प्रहरी प्रधान कार्यालयमा रहेका प्रहरी उपरीक्षक विश्वराज खड्काका अनुसार चोरीको सामान फेला परेपछि पीडितले सामान फिर्ता लिने तर जाहेरी दिन नमान्ने प्रवृत्ति छ। "पीडितले जाहेरी नदिएपछि चोरी मुद्दा अघि बढाउन कठिन हुन्छ," खड्का भन्छन्, "कतिपय अवस्थामा अभद्र व्यवहारलगायत अन्य कसुरमा मुद्दा चलाउनुपर्ने हुन्छ।"

यही कारण चोरीमा पक्राउ परेका र लागुऔषध प्रयोगसँग जोडिएका व्यक्तिको यकिन संख्या प्रहरी तथ्यांकमा नआउने गरेको उनको भनाइ छ।

खड्काका अनुसार साना तथा ठूला चोरीका घटनामा पक्राउ परेका कतिपय युवाको स्वास्थ्य अवस्था र पृष्ठभूमि बुझ्दा उनीहरू लागुऔषधका नियमित प्रयोगकर्ता भएको पाइन्छ। "उनीहरूको उद्देश्य चोरीको सामान सस्तोमा बेचेर लागुऔषध किन्नु हो," उनी भन्छन्, "मठमन्दिरका दानपेटिका चोर्ने, घरमा कोही नभएको थाहा पाएपछि सामान लैजाने र कवाडीमा बेच्ने गरेको पाइएको छ।"

**समस्या गहिरिएपछि परिवारको चासो**

लागुऔषध प्रयोगको प्रारम्भिक चरणमा परिवारले व्यवहारमा आएको परिवर्तनलाई सामान्य रूपमा लिने गरेको अभियन्ताहरू बताउँछन्। घरबाट पैसा हराउने, सामान बेचिने वा छरछिमेकमा समस्या हुन थालेपछि मात्र परिवारले कुलतबारे थाहा पाउने गरेका छन्।

त्यतिबेलासम्म कतिपय युवा प्रहरी हिरासतमा पुगिसकेका हुन्छन्। केहीलाई परिवारले पुनःस्थापना केन्द्रमा राख्छन्। तर, पुनःस्थापना केन्द्रको संख्या, गुणस्तर, उपचार विधि र उपचारपछिको सामाजिक पुनःस्थापना आफैँमा चुनौतीपूर्ण रहेको सरोकारवालाहरू बताउँछन्।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो लागुऔषध नियन्त्रणका लागि प्रहरीलाई आवश्यक साधनस्रोत उपलब्ध गराउन प्रदेश सरकार तयार रहेको बताउँछन्। "पुनःस्थापना केन्द्र स्थापना र सचेतना कार्यक्रममार्फत युवालाई कुलतबाट बाहिर ल्याउनुपर्छ," उनी भन्छन्, "नियन्त्रणका लागि प्रहरीलाई आवश्यक स्रोतसाधन र बजेट उपलब्ध गराउन सरकार तयार छ।"

## कर्तव्य ज्यान ...........

विभिन्न फौजदारी मुद्दाअन्तर्गत फरार प्रतिवादीहरूलाई घटनाको प्रकृतिको आधारमा जिल्ला प्रहरीसहित स्थानीय प्रहरी युनिट र सादा पोसाकका प्रहरी परिचालन गरी धमाधम पक्राउ गरिरहेको छ।

## वैदेशिक रोजगारीः धनुषाबाट सबैभन्दा धेरै .............

रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्।

त्यसपछि मुस्ताङ २ सय ४४, डोल्पा ६ सय १४, हुम्ला ६ सय ४३, डोटी १ हजार १ सय ६५, कालीकोट १ हजार २४, जुम्ला १ हजार ३ सय ९४, रसुवा १ हजार ७ सय ७१, रुकुम पश्चिम २ हजार १ सय ६६, डडेल्धुरा २ हजार ३ सय १९ र दार्चुलाबाट २ हजार ३ सय ५३ जनाले श्रम स्वीकृति लिएका छन्।

विभागका अनुसार गत आर्थिक वर्षभर वैदेशिक रोजगारीका लागि कुल ७ लाख ९२ हजार १८७ जनाले श्रम स्वीकृति लिएका छन्। तीमध्ये ६ लाख ९७ हजार ९६ पुरुष र ९५ हजार ९१ महिला रहेका छन्। पुनः श्रम स्वीकृति हटाउँदा नयाँ श्रम स्वीकृति लिनेको संख्या ४ लाख ६ हजार ४०४ रहेको विभागको तथ्यांकले देखाएको छ।

तथ्यांक अनुसार तराईका जिल्लाहरूबाट वैदेशिक रोजगारीमा जानेको संख्या उच्च देखाएको छ भने हिमाली तथा कम जनसंख्या भएका जिल्लाबाट भने श्रम स्वीकृति लिनेको संख्या न्यून छ।

## बाध्यताले फेरिएको ..............

बालेनसँगको भेटमा पनि सुनाइसकेका छन्।

अर्थमन्त्री वाग्लेसँग बढेको अविश्वासले अर्थतन्त्र थप बिग्रिने भएपछि बालेन अग्रसर भएर व्यवसायीसँग संवाद थालेको बालेन सचिवालय स्रोतको भनाइ छ। शेयरबजारमा निरन्तर आएको गिरावट, पश्चिय एसियाको तनावले वैदेशिक रोजगारीमा पारेको प्रभाव, स्वेदशमा सिर्जना हुन नसकेको रोजगारी, बढ्दो करले बढ्दो आक्रोश अनि व्यवसायीमा फैलिएको त्रासलाई प्रधानमन्त्रीकै तहबाट चिर्नुपर्ने बाध्यता पनि थियो। त्यही बाध्यतालाई बालेनले चिर्ने प्रयास गरेको उनीनिकट बताउँछन्।

तर, यी छलफलमा अर्थमन्त्री वाग्लेको अनुपस्थितिचाहिँ अर्थपूर्ण र गम्भीर रहेको व्यवसायीहरूले बताइरहेका छन्। हरेक दिन ठोक्किनुपर्ने सरोकारवाला मन्त्रालयका मन्त्री नै छलफलमा नहुँदा बालेनले अन्य मन्त्री जिम्मेवार बनाउने प्रयास नगरेको अर्थमा पनि विश्लेषण भइरहेको छ।






# मधेश प्रदेशमा सवारी दुर्घटना बढे पनि मृत्युदर घट्यो

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

मधेश प्रदेशमा सवारी दुर्घटनाको सङ्ख्या बढे पनि दुर्घटनाबाट ज्यान गुमाउनेको सङ्ख्या भने घटेको छ।

आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर भएका सवारी दुर्घटनामा ५३४ जनाको मृत्यु भएको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ३० जनाले कम हो।

प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख एसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ११ हजार ४१६ सवारी दुर्घटना भएका थिए। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ७ हजार ४४३ दुर्घटनामा ५६४ जनाको मृत्यु भएको थियो भने १२ हजार १२३ जना घाइते भएका थिए। ट्राफिक प्रहरीले सञ्चालन गरेका जनचेतनामूलक कार्यक्रम,




नियम कार्यान्वयनमा कडाइ तथा निगरानीका कारण दुर्घटना बढे पनि मृत्युदर घटाउन सकारात्मक प्रभाव परेको प्रहरीको निष्कर्ष छ।

प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता डीएसपी नवराज न्यौपानेका अनुसार एक वर्षमा यात्रुवाहक बस १९३, माइक्रो १०५, जिप ७१६, ट्र्याक्टर ३३२, टेम्पो ८३६ तथा मोटरसाइकल ७ हजार ८५१, शारीरिक ९६५, अन्य ४३ सहित कुल ११ हजार ४१६ सवारी दुर्घटनामा परेका थिए। तथ्याङ्क अनुसार सबैभन्दा धेरै दुर्घटना मोटरसाइकलको भएको छ।

अन्य सवारीसाधनको तुलनामा मोटरसाइकलको सङ्ख्या धेरै हुनु, तीव्र गति, ट्राफिक नियम उल्लङ्घन, हेल्मेटको प्रयोगमा लापरबाही, जोखिमपूर्ण ओभरटेक, अनुभवहीन चालक, मोबाइल प्रयोग गर्दै सवारी चलाउने बानी, मदिरा सेवनपछि सवारी चलाउने प्रवृत्ति, कमजोर सडक अवस्था तथा वर्षायाममा चिप्लो सडक मोटरसाइकल दुर्घटनाका प्रमुख कारण रहेको डीएसपी न्यौपानेले जानकारी दिए।

आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने १ लाख १० हजार ७५५ सवारीसाधनलाई कारबाही गरिएको थियो। ती कारबाहीबाट ११ करोड १५ लाख ६५ हजार २१० रुपैयाँ राजस्व सङ्कलन भएको छ। यस्तै, सोही अवधिमा यातायात व्यवस्था कार्यालयमार्फत ८४८ ओभरलोड सवारीसाधनलाई कारबाही गर्दा १ करोड ५४ लाख ४९ हजार २५७ रुपैयाँ राजस्व सङ्कलन भएको छ।

जिल्लागत रूपमा हेर्दा पर्सामा सबैभन्दा बढी १३ हजार ७८९ सवारीसाधन कारबाहीमा परेका छन्। त्यहाँबाट १ करोड ६१ लाख ७१ हजार ५०२ रुपैयाँ राजस्व सङ्कलन भएको छ। सप्तरीमा ६ हजार ६ सवारीसाधन कारबाहीमा पर्दा सबैभन्दा कम ५४ लाख १४ हजार ५५१ रुपैयाँ राजस्व उठेको छ।

अन्य जिल्लामध्ये रौतहटमा १० हजार ९४० सवारीसाधन कारबाहीमा पर्दा १ करोड १७ लाख ५२ हजार ५०२ रुपैयाँ, बारामा १५ हजार ७४८ कारबाहीबाट १ करोड ३२ लाख ७९ हजार ५१ रुपैयाँ र सर्लाहीमा १० हजार ९४० कारबाहीबाट १ करोड १७ लाख ५२ हजार ५०२ रुपैयाँ राजस्व सङ्कलन भएको छ।

त्यस्तै, महोत्तरीमा १५ हजार ९८४ कारबाहीबाट १ करोड ४९ लाख ३० हजार ५०२ रुपैयाँ, धनुषामा १२ हजार २४३ कारबाहीबाट १ करोड ११ लाख ३४ हजार ५० रुपैयाँ, सिरहामा १३ हजार ४१६ कारबाहीबाट १ करोड १४ लाख ५६ हजार रुपैयाँ तथा प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले १२ हजार ३७४ कारबाहीबाट १ करोड ७२ लाख ८२ हजार ५३ रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

समीक्षा अवधिमा प्रदेशभर २६ हजार ८८३ वटा ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको र ती कार्यक्रममा १४ लाख २४ हजार ८४४ जनाको सहभागिता रहेको प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

## विपद्का बेला कार्यालय नछोड्न स्थानीय .........

मन्त्रालयले निर्देशन दिएको हो।

मन्त्रालयले विपद्सम्बन्धी सूचना संकलन, उद्धार तथा राहत कार्य, क्षतिको विवरण र अन्य आवश्यक सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, प्रदेश तथा संघीय निकायसँग निरन्तर सम्पर्क र समन्वय गर्न स्थानीय तहलाई आग्रह गरेको छ।

यस्तै, विशेष परिस्थितिवश कार्यालय छाड्नुपर्ने अवस्था सिर्जना भएमा सम्बन्धित निकायको पूर्वस्वीकृति लिएर जिम्मेवारीको उचित व्यवस्थापन गरी मात्र कार्यालय छाड्नुपर्ने छ।

मन्त्रालयले विपद्को जोखिम बढिरहेका बेला जनतालाई छिटो र प्रभावकारी सेवा उपलब्ध गराउन, राहत तथा उद्धार कार्यलाई व्यवस्थित बनाउन उक्त निर्देशन जारी गरेको जनाएको छ।

## कोसी नदीमा हाम फालेका युवकको ..............

के-कुन कारणले नदीमा हाम फालेको विषय खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी हेमराज घिमिरेले बताए। उनका अनुसार सकुशल उद्धार गरिएका युवकलाई उनकी श्रीमती दुर्गादेवी साहको जिम्मा लगाइएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।




## साउन १५ सम्ममा मन्त्रिपरिषद् हेरफेरसँगै .............

भएसँगै मधेशमा मन्त्रालयको सङ्ख्या घटाउने सहमति भएको छ। हाल कायम १२ वटा मन्त्रालयमध्ये केही मन्त्रालय विभिन्न मन्त्रालयमा गाभेर मुख्यमन्त्रीको कार्यालयसमेत गरी मन्त्रालयको संख्या ९ वटामा सीमित गर्ने तयारी रहेको उनले बताए।

वन तथा पर्यटनलाई गाभेर एउटै मन्त्रालय बनाउने, वाणिज्यलाई गृहमा गाभ्ने, शिक्षालाई सामाजिक विकास मन्त्रालय अन्तर्गत राख्ने गृहकार्य भएको स्रोतले जनाएको छ।

नेपाली कम्युनिस्ट पार्टीका प्रदेश सभा सदस्य रत्नेश्वर गोइत यादवले बजेट आइसकेको अवस्थामा आफ्नो पार्टीले सरकारमा नयाँ सदस्य पठाउने तयारी गरेको जानकारी दिए। उनले भने, 'साउन १५ गतेभित्र मन्त्रिपरिषदका सदस्य हेरफेर हुनसक्छ।' इक वर्ष पूरा गरेका मन्त्रीलाई फिर्ता बोलाएर नयाँ प्रतिनिधि पार्टीले पठाउने उनको भनाइ छ।

यादवले पनि मन्त्रालयको सङ्ख्या घटाउने गृहकार्य सुरु भइसकेको जानकारी दिए। १२ मन्त्रालय हुँदा हाल सरकारमा रहेका ३ वटै दलले ४/४ मन्त्रालय लिएका थिए। गठबन्धन दलहरूबिच भएको सहमति अनुसार अब कांग्रेस र एमालेले ३/३ मन्त्रालय र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले २ वटा मन्त्रालय पाउने छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षका सबै योजनाको ठेक्का खुला प्रतिस्पर्धाबाट गराउने भएको छ। विगतमा उपभोक्ता समितिबाट विकास निर्माणको काम हुँदै आएको थियो। त्यस्ता योजनामा विवाद, भ्रष्टाचार तथा गुणस्तरहीन काम धेरै हुने गरेको गुनासो जनस्तरबाट धेरै उठेपछि अहिले त्यो प्रणाली नै हटाएको छ। प्रमुख सचेतक झाका अनुसार मधेश प्रदेशको सरकारले विकास योजना कामहरुलाई तीव्रता दिन भदौदेखि नै टेन्डरको प्रक्रिया सुरु गर्ने भएको छ।

## बिमा लेख हरायो

मिति २०८३/०२/१५ मेरो निम्न ब्यहोरा भएको रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : वौवे लाल चौधरी
ठेगाना : साविक महनौर-४,
हाल अर्नमा-१, सिरहा
पोलिसी नं.: १००००००३४३७

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं।
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं।
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं।
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं।
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं।
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं।
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं।
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# ब्राउनसुगरजस्तो पदार्थसहित सिरहाको दुई ठाउँबाट तीनजना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०४ गते**

सिरहा प्रहरीले जिल्लाको दुई छुट्टाछुट्टै ठाउँबाट ब्राउनसुगरजस्तो पदार्थसहित तीनजनालाई पक्राउ गरेको छ। सिरहाको कर्जन्हा नगरपालिका- ११ नयाँ टोलस्थित बरफ उद्योगनजिबाट प्रहरीले आइतबार प्लास्टिकबाहेक ८८० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित स्थानीय दुई युवकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।




सिरहा प्रहरीका प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार पक्राउ पर्नेहरूमा कर्जन्हा- ९ का करिब ३१ वर्षीय सुनील महरा र त्यहीँ घर भई कर्जन्हा- ११ का रामउदगार महतोको घरमा डेरा गरी बस्दै आएका करिब २४ वर्षीय अवधेश महरा छन्।

कर्जन्हा प्रहरी चौकीबाट खटिएको प्रहरीले उनीहरूले १० वटा प्लास्टिकको पोका बनाएर लुकाएर राखेको लागुऔषधसहित नेपाली मुद्रा नगद पाँच हजार ७४० रुपैयाँ, दुई थान एन्ड्रोइड मोबाइल एक थान किप्याड मोबाइलसमेत बरामद गरी मिर्चैया प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यसअघि प्रहरीले गोलबजार नगरपालिका ६ बा बिक्री-वितरण गरिरहेको अवस्थामा शनिबार स्थानीय करिब २७ वर्षीय सुजन थापामगरलाई पक्राउ गरेको थियो। प्रहरीका अनुसार गोलबजारस्थित इलाका प्रहरी कार्यालय र लागुऔषध नियन्त्रण ब्युरो शाखाबाट खटिएको प्रहरी टोलीले मगरलाई २४ वटा स-साना पोका बनाइएको प्लास्टिकबाहेक एक ग्राम २८० मिलिग्राम लागुऔषध र एक थान मोबाइलसहित पक्राउ गरिएको हो। उनलाई गोलबजार प्रहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
**अपन दैनिक पत्रिका**

